जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः ११९ पृष्ठः ४ | २०८१ भदौ १८ गते मंगलबार (Tuesday 03 Sep. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## हुलाकी राजमार्गमा नदी तर्न डुंगाकै सहारा



सिरहा, १७ भदौ । हुलाकी राजमार्गअन्तर्गत कमला नदीमाथि पुल निर्माण नहुँदा सिरहा र धनुषावासी फेरि पनि डुंगाकै साहरामा नदी तर्न बाध्य छन्। यहाँ वर्षा सुरु भएसँगै नदीमा पानीको बहाव बढेपछि विकल्पका रूपमा यहाँ वर्षौंदेखि यस्तै नियति दोहोरिरहन्छ। अरु समय काठेपुलको सहाराममा आवतजावत गर्ने स्थानीय वर्षासँगै नदीको बहावले पुल बगाएपछि वर्षायामभरि यसरी नै जोखिमपूर्ण यात्रा गर्न बाध्य हुन्छन्। विगतमा यस्तो समस्या भोगे पनि १३ वर्षदेखि पुल निर्माण सुरु भएपछि समस्या धेरै रहँदैन होला भन्ने अपेक्षा गरेका थिए तर बहुप्रतिक्षित उक्त पुल अझै निर्माण नहुँदा समस्या ज्यूँका त्यूँ छ।

यतिबेला कमलावारि घर, पारि खेतबारी हुनेहरूको लागि बर्खामा नदी वारपारको एकमात्र विकल्प डुंगा बनिरहेको छ। 'घरमात्रै वारि हो, खेतबारी र गोठ पारि नै छ। वस्तुभाउलाई दानापानी गर्न भए पनि दिनको एक दुईपटक त आउजाउ गर्नैपर्छ। हाम्रो जीवन त मर्नु न बाँच्नु भएको छ,' सिरहा नगरपालिका-६ की लिला यादवले भनिन्, 'कमला नदीमा पक्की पुल बन्न नसक्नु यहाँका नागरिकहरूका लागि दुर्भाग्य हो। पुस्तौँपुस्तादेखि बाउबाजेले जुन दुःख र सास्ती खेपे, हाम्रा छोरानातिले यही सास्ती व्यहोर्न परेको छ।' दैनिकजसो डुंगाबाट नदी वारपार गर्दा पाएको हैरानी र दुःख भन्दाभन्दा अब त थाकिसकेको उनको भनाइ छ। निर्माणाधीन अवस्थामै करिब तीन वर्षअघि पुल भासिएको थियो।

भासिएको पुलभन्दा करिब १० किलोमिटर दक्षिणतर्फ नेपाल–भारत सीमाक्षेत्र नजिक गत वर्षदेखि झोलुङ्गे पुल सञ्चालनमा रहेको छ

**–बाँकी दुई पेजमा**

## नक्कली नोट बनाउने मेशिनसहित आठ पक्राउ



**रामबाबु खड्का**

सर्लाही, १७ भदौ । सर्लाहीको गोडैता नगरपालिका–१२ मधुवनी गाउँबाट नक्कली नोट बनाउन प्रयोग गरिने मेशिनसहित आठ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा काठमाण्डौको चन्द्रागिरी नगरपालिका–१५ घर भएका सौगात थापा मगर, काठमाण्डौको कागेश्वरी मनोहरा नगरपालिका–६ बस्ने विजय लामा, ललितपुरको कुपन्डोल बस्ने सन्जय राना मगर, भक्तपुरको चाँगुनारायण नगरपालिका बस्ने अमिर खत्री रहेका छन्। यस्तै सर्लाहीको गोडैता नगरपालिका–१२

**–बाँकी दुई पेजमा**

## लहानबाट स्रोत नखुलेका चाँदीको गहनासहित युवक पक्राउ

लहान, १७ भदौ । सिरहा प्रहरीले स्रोत नखुलेको १० लाखभन्दा बढी मूल्य बरावरको चाँदीका विभिन्न गरगहनासहित एक युवकलाई लहानबाट नियन्त्रणमा लिएको छ। विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय लहानले आईतवार बेलुका ७ बजे लहान ७ दुर्गामन्दिरबाट मोरङ्ग उर्लावारी नगरपालिका ५ का ३० वर्षीय दिपेन्द्र विश्वकर्मालाई करिव ८



केजी चाँदीको गहना सहित पक्राउ गरेको हो। चाँदीका गहना बोकेर लहान बजारबाट दुर्गा मन्दिर तर्फ आउँदै गरेको भन्ने सूचनाको आधारमा प्रहरीले पैदल यात्रीले बोकेको कालो रंगको झोला चेकजाँच गर्दा १० लाख ४० हजार मूल्य बराबरको करिव ८ केजी चाँदीको गहनासहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय

**–बाँकी दुई पेजमा**







GUPTA BROTHER'S AUTO TRADE
MIRCHAIYA, 9815732999, 9805973429, 033-550585

MA DHAMINI AUTO CONCERN
GOLBAZAR, 9801591693

SNEHA AUTO ZONE
SIRAHA-7, THANA CHOWK, 033-520255, 9801552815

**सर्पको टोकाईबाट बचौ**

- घरवरिपरि सफा राखौ, प्वालहरु टालौ,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- सम्भव भएसम्म खाटमा सुतौ,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौ,
- पराल, दाउरा आदि निकाल्दा होसियारी अपनाऔं,
- झाडी एवं खुलास्थानमा शौच नगरौ,
- लट्टी लिएर हिंडौ,
- सुत्दा झुलको प्रयोग गरौ,
- राती हिंड्दा टर्च लाईटको प्रयोग गरौं,

**यदि सर्पले टोकेमा नजिकको सर्पदंश केन्द्र वा अस्पतालमा लैजाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# ओली र देउवाकै नियत तथा नैतिकतामा प्रश्न

लुम्बिनी प्रदेश सरकारमा नेपाली कांग्रेसका तर्फबाट मन्त्री नियुक्त गरिएका बादशाह कुर्मीलाई बर्खास्त गर्ने माग राखेर आन्दोलन भइरहेको छ। कुर्मीमाथि बाँकेकी एकल महिला निर्मला कुर्मीलाई अपहरण गरी बेपत्ता पारेको आरोपमा मुद्दा विचाराधीन देखिन्छ। लुम्बिनी प्रदेश सभामै नेकपा ९एमाले०बाट सदस्य रहेकी रेखा शर्माले बाल श्रम शोषण र दुर्व्यवहार गरेको अभियोग लागेको। शर्माविरुद्ध कारबाही अगाडि नबढाएपछि काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले सामाजिक सञ्जालमै आक्रोश पोखेका छन्। यी दुवै नैतिक पतन ठहरिने गम्भीर अपराध हुन्। त्यतिमात्र होइन एकल महिला र बालबालिकामाथि भएको ज्यादतीमा उन्मुक्ति दिइनु मानव अधिकारका उल्ल  नका पनि गम्भीर घटना भएकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण पनि हुन्छ।

त्यसो त कुर्मीलाई मन्त्री बनाइएकोमा नेपाली कांग्रेसको प्रदेश समितिले पनि आपत्ति प्रकट गरेको थियो। तर, केन्द्रीय सभापति शेरबहादुर देउवाको सहमा कुर्मीलाई मन्त्री बनाइयो। एमालेमा त अध्यक्ष तथा प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीकै एकहट्टी चल्छ। यसैले लुम्बिनीको बेथिति र विकृतिमा प्रधानमन्त्री ओली र सभापति देउवा प्रत्यक्षरूपमै जिम्मेवार देखिन्छन्। दुर्भाग्य, नेपालको राजनीतिका यी निर्णायक नेताहरूबाट राजनीतिक नैतिकता भने जनताले देख्न पाएनन्। फलस्वरूप, नेपालको राजनीतिले अपेक्षित दिशा लिन सकेन। सद्का दुई प्रमुख दलहरू नेपाली कांग्रेस र नेकपा ९एमाले०ले संसदीय अभ्यासविपरीत सत्तामा साझेदारी गर्दा पनि व्यावहारिक राजनीतिमा नैतिक पक्ष बलियो होला कि भन्ने जनअपेक्षा थियो। दुर्भाग्य, सत्तारोहणको मधुमास नसिकिँदै जनअपेक्षामा तुसारापात भयो।

समय अझै छ। जनआवाजको कदर गर्दा राजनीतिमा कसैले पनि हारेको ठान्नु पर्दैन। यसैले कांग्रेसले कुर्मीलाई मन्त्री पदबाट फिर्ता बोलाओस्। एमालेले शर्माको संरक्षण नगरोस् र बाल अधिकार हननमा उन्मुक्ति दिलाउन नखोजोस्। अन्यथा, प्रधानमन्त्री ओली र सभापति देउवाको नियत र नैतिकतामा अर्को प्रश्न थपिनेछ।

# मधेशमा दुई वर्षमा तीन वटा मात्रै कानून निर्माण

**वीरेन्द्र रमण**



जनकपुरधाम, १७ भदौ। संघीय सरकारले आवश्यक कानून नबनाएको भनेर असन्तुष्टि जनाउँदै आए पनि मधेश प्रदेश सभाले भने दुई वर्षमा तीन वटा मात्रै कानून बनाएको छ। आमनिर्वाचनपछि मधेश प्रदेश सभाको पहिलो बैठक २०७९ पुस १५ मा बसेको थियो। त्यसयताका झन्डै दुई वर्षमा तीन वटा अधिवेशनमा ७९ वटा बैठक बसेका छन्। तर बजेटसँग सम्बन्धित बाहेक प्रदेश सभाले यो अवधिमा तीन वटा मात्रै विधेयक पारित गरेको छ। प्रदेश सभाको पहिलो अधिवेशनमा ३६ वटा बैठक बसेका थिए। त्यसपछि दोस्रो अधिवेशनमा १४ र अहिले जारी तेस्रो अधिवेशनमा २९ वटा बैठक बसेको प्रदेश सभा सचिवालयले जनाएको छ। तीनै अधिवेशनमा सात वटा मात्रै विधेयक पारित भएका छन्, जसमा चार वटा त बजेटसँग सम्बन्धित छन्।

प्रदेश सभाका निमित्त सचिव विपिनकुमार ठाकुरका अनुसार आर्थिक विधेयक, २०८०, विनियोजन विधेयक, २०८०, आर्थिक विधेयक, २०८१ र विनियोजन विधेयक, २०८१ पारित भएका छन्। बाँकी मधेश प्रदेशका केही ऐन संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ र स्थानीय सेवाको गठन सम्बन्धमा र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० छन्। तीनै विधेयक प्रदेश प्रमुखबाट प्रमाणीकरण भएर कानून बनिसकेका छन्। प्रदेश सभामा दर्ता भएका १३ विधेयकमध्ये सात वटा पारित हुँदा तीन वटा विधेयक संसदीय समितिमा छलफलका क्रममा छन्। मधेशमा पर्यटनको विकास र प्रवर्द्धन गर्न बनेको विधेयक, कृषि विकास ऐन सम्बन्धी विधेयक र प्रदेश बालबालिका सम्बन्धी ऐन संशोधन गर्न बनेको विधेयकबारे समितिमा छलफल चलिरहेको छ।

त्यस्तै, दुई वटा विधेयक समितिको प्रतिवेदन सहित प्रदेश सभामा टेबल गरिएका छन्। प्रदेश खेलकूद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र मधेश प्रदेश सवारी तथा यातायात व्यवस्था विधेयक प्रदेश सभामा छन्। अर्को, प्रदेश सभा सचिवालय सम्बन्धी ऐन संशोधन गर्न बनेको विधेयक पनि सभामा दर्ता गरिएको छ। दुई वर्षमा तीन वटा मात्रै कानून बनाएको प्रदेश सभाले पर्याप्त छलफल पनि गरेको देखिंदैन। प्रदेश सभाका बैठकहरू औसतमा दिनमा डेढदेखि दुई घन्टा मात्रै बसेका देखिन्छन्। जस्तो– प्रदेश सभाको पहिलो अधिवेशनमा ३६ वटा बैठक बसेका थिए। त्यो अवधिमा ६० घन्टा ४२ मिनेट मात्रै बैठक चलेको प्रदेश सभाको अभिलेख छ।

त्यस्तै, दोस्रो अधिवेशनमा १४ वटा बैठक बसेका थिए। त्यति वेला १८ घन्टा ४३ मिनेट मात्रै छलफल भएको छ। अझ तेस्रो अधिवेशनमा २९ वटा बैठक बस्दा ३८ घन्टा ४१ मिनेट मात्रै छलफल भएको छ। यो अवधिमा सभामुख, उपसभामुख र प्रदेश सभा सदस्यको तलब, भत्ता र सेवा सुविधामा २९ करोड ८६ लाख तीन हजार रुपैयाँ खर्च भएको छ। जसमध्ये सभामुख र उपसभामुखको तलब, भत्ता र सेवा सुविधामा एक करोड ९५ लाख ९४ हजार रुपैयाँ र प्रदेश सभा सदस्यको तलब, भत्ता र सेवा सुविधामा २७ करोड ९० लाख नौ हजार रुपैयाँ खर्च भएको छ।

सरकारले 'बिजनेश' दिन नसक्दा प्रदेश सभा प्रभावकारी हुन नसकेको विपक्षी दलका नेताहरूको भनाइ छ। जनता समाजवादी पार्टी ( जसपा), नेपालका प्रमुख सचेतक रामअशिष यादव सरकार आवश्यक साधनस्रोत हुँदाहुँदै पनि प्रदेश सभाप्रति गम्भीर नदेखिएको बताउँछन्। "सभामुखले विशेष समयमा बैठक चलाइराख्नुभएको छ, नत्र आधा घन्टा पनि बस्न सक्दैन। सरकारले बिजनेश दिन सकेको छैन," उनी भन्छन्। प्रदेशमा धेरै विधेयक बनाउन बाँकी रहेको उनी बताउँछन्। तर प्रदेश सरकारले त्यतातिर ध्यान नदिएको उनको आरोप छ। नेकपा ( एकीकृत समाजवादी)का प्रदेश सभा सदस्य प्रमोद यादव पनि आवश्यक कानून बन्न नसकेको बताउँछन्। सांसदले उठाएका आवाजलाई सरकारले वास्ता नगर्दा प्रदेश सभा निष्क्रिय बन्दै गएको यादवको भनाइ छ। "संघीयतालाई बलियो बनाउनका लागि चाहिने आवश्यक कानून बनेका छैनन्। प्रहरी समायोजन र निजामती कर्मचारी सम्बन्धी ऐन नबन्दा प्रदेश सभा निष्क्रिय जस्तै देखिन गएको छ," उनी भन्छन्।

राजनीतिक खिचातानीले पनि प्रदेश सभालाई असर परेको छ। सरकार परिवर्तन भइरहँदा त्यसको छाया प्रदेश सभामा परेको छ। जसले गर्दा प्रदेश सभा गतिशील बन्न सकेको छैन। मुख्यमन्त्री सतिशकुमार सिंह भने प्रदेश सभा सञ्चालनका लागि पर्याप्त 'बिजनेश' को तयारी गरिएको बताउँछन्। केही विधेयक तयारी अवस्थामा रहेको र दर्ता गराउने सिंहको भनाइ छ। "विगतभन्दा अहिलेको सरकारले पर्याप्त बिजनेश दिएको छ, अब प्रदेश सभाले निरन्तर चल्ने गरी काम पाउँछ," उनी भन्छन्।

## हुलाकी राजमार्गमा...

तर उक्त पुल पाएक नपरेको स्थानीयको गुनासो छ। 'यहाँ पुल निर्माण हुनसकेको छैन। झोलुंगे पुलले त्यस आसपासका नागरिकलाई सहज भए पनि बाँकी क्षेत्रलाई सहज भएन। नदीमाथि पल बन्नुको विकल्प छैन', डुंगामा मोटरसाइकल चढाएर सिरहाबाट घर फर्किंदै गरेका कमला नगरपालिका–५ धनुषाका अरविन्द पासवानले भने।

**मोटरसाइकल तार्न सय रुपैयाँ**

सिरहाको सारश्वरनाथ घाटस्थित कमला नदीमा दैनिक चारवटा डुंगा वारपार गरिरहन्छन्। स्थानीयदेखि टाढाटाढासम्मका सयौँ मोटरसाइकल यात्रु तथा पैदल यात्रुले डुंगाबाटै नदी तर्ने गरेका छन्। जसमध्ये स्थानीय मानिसहरूले मासिक/वार्षिक रूपमा केही अन्नपात डुंगा खियाउने माझीलाई बुझाउने गरेका छन् भने टाढाटाढाका यात्रुहरूले प्रतिमोटरसाइकल एक सय शुल्क तिर्ने गरेको माझी रामअवतार सहनीले जानकारी दिए। बाउबाजेदेखि गरिआएको पेसा भएकाले व्यवसायभन्दा पनि सामाजिक सेवा गरिरहेको उनको भनाइ छ। 'चार दशकदेखि यहाँ डुंगा चलाइरहेको छु, बाउबाजेदेखिको पेसा नै यही हो। मेरो जुनी पनि डुंगा चलाउँदै बित्यो। छोराहरूले पनि यही पेसा अङ्गालिरहेका छन', उनी भन्छन्।

बिहान झिसमिसे नहुँदै कमला नदीको सारस्वरनाथ घाटछेउ पुग्ने र घाम डुबेपछि मात्रै फर्किने यहाँका माझीहरूको दिनचर्या बनेको छ। यसैमध्येका अर्का माझी हुन कमला नगरपालिका–७ का ७० वर्षीया रामसेवक सहनी। 'के गर्नु वर्षाका दुई/चार महिना त हो डुंगा चलाउन पाउने। यही डुंगा चलाउन पनि नदीमा बाढी पर्खनुपर्छ। सानै उमेरदेखि गर्दै आएको र जानेको सीप भएकाले ज्यानले साथ दिएसम्म त काम गर्नैं पर्‍यो,' सहनीले भने। कमला नदीमा पुल नबन्दा जनताले भोग्नुपरेको सास्तीका कारण बाध्य भएर डुंगा चलाइरहेका माझीहरू बताउँछन्। डुंगाबाट जोखिमपूर्ण यात्रा गरेर भए पनि थोरै राहत मिलेको स्थानीयको भनाइ छ। १३ वर्षदेखि पुल अधुरै हुलाकी सडकअन्तर्गत धनुषा–सिरहा जोड्ने कमला पुल निर्माण सम्झौता भएको १३ वर्षसम्म अधुरै छ।

निर्माण सुरु भएको १२ वर्षपछि सञ्चालन नहुँदै तीन वर्षअघि पुलको तीनवटा पाया भासिएका थिए। विसं २०६८ मा पुल बनाउन निर्माण व्यवसायी कम्पनी 'पप्पु कन्स्ट्रक्सन'ले ठेक्का पाएको थियो। तीन वर्ष ६ महिनामा कमला नदीमा चार सय ७० मिटर लम्बाइ र नौ मिटर चौडाइको पुल बनाइसक्ने सम्झौता थियो। म्याद गुज्रँदै पप्पुले सात वर्षमा पनि कमलामा पुलको निर्माण नसकेपछि हुलाकी सडक निर्देशनालयले सम्झौता तोड्दै विसं २०७८ असार १३ सम्म निर्माण सक्नुपर्ने सर्त राख्दै अर्को निर्माण कम्पनी 'लुम्बिनी बिल्डर्स'लाई ठेक्का दियो। लुम्बिनी बिल्डर्सले पनि समयमा काम नसकेपछि अन्तिम पटक भनेर २०७८ फागुन ३० गतेसम्म पुलको काम सक्न पुनः म्याद थपियो तर सोही वर्षको बाढीले निर्माणाधीन पुलको तीनवटा पिलर नै भासिएपछि निर्माणको काम तत्काललाई अनिश्चित भयो। पुनः पुल बन्ने नबन्ने अनिश्चितताका बीच ०७९ चैतमा तत्कालीन उपप्रधानमन्त्री एवं भौतिक निर्माण तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले प्राविधिक टोलीसहित स्थलगत निरीक्षण गरेका थिए। निरीक्षणपछि उनले पुलको पुनःनिर्माण तत्काल सुरु गर्न निर्माण कम्पनीलाई निर्देशन दिए।

**ठेकेदार र बीमा कम्पनीको चेपुवामा पुल निर्माण**

पुल निर्माणको म्याद आउँदो असारसम्मको छ तर निर्माण कम्पनी र बीमा कम्पनीबीचको विवादले काम रोकिएको हुलाकी राजमार्ग निर्देशनालय जनकपुर कार्यालयका प्रमुख कृष्ण महतोले जानकारी दिए। निर्धारित समयमै काम सम्पन्न गर्न निर्माण कम्पनीलाई ताकेता गरिरहेका छौँ तर निर्माण कम्पनीले बाढीले भासिएको पुलको बीमा रकम १२ करोड ७० लाख रुपैयाँ दाबी गरेकामा बीमा कम्पनीले एक करोड ९३ लाख मात्र दिएको भन्दै लुम्बिनी बिल्डर्सले काठमाडौँ जिल्ला अदालतमा मुद्दा हालेको छ', उनले भने, 'त्यो मुद्दा दुई वर्षदेखि विचाराधीन छ भने पुलको काम रोकिएको छ।' पुल निर्माणका लागि यहाँका स्थानीयले पटकपटक आन्दोलन गरे पनि सुनुवाइ हुन सकिरहेको छैन। यही बीचमा सिरहाका केही युवाले सोही क्षेत्रमा नयाँ पुलको माग गर्दै मधेस प्रदेश सरकारको मुख्यमन्त्री कार्यालय अगाडि आमरण अनशनसमेत बसे।

मुख्यमन्त्री सतिशकुमार सिंहसँग प्रदेश सरकारले नयाँ पुल बनाउने सहमति भएपछि तत्कालका लागि अनशन तोडियो। अनसन बस्नेमध्येका सिरहा नगरपालिका–६ का वडाअध्यक्ष इन्द्रजित यादवले पुल नबन्दासम्म निरन्तर संघर्ष जारी रहने बताए। उनले भने, 'मधेसको जीवनरेखा मानिएको कमला पुल नबन्दासम्म जीवनमरणको संघर्ष निरन्तर गरिरहने छौँ।'




## लहानबाट स्रोत...

सिरहाका सूचना अधिकारी डीएसपी मुक्तिनाथ सापकोटाले जानकारी दिए।

प्रहरीले कहाबाट र कसकालागि गहना ल्याएको भन्ने अनुसन्धान गरिरहेको र गरगहनासहित विश्वकर्मालाई आवश्यक कार्वाहीको लागि राजश्व अनुसन्धान कार्यालय इटहरी, सुनसरी पठाउने तयारी भईरहेको जनाएको छ। विश्वकर्मा भरीयामात्र भएको स्थानीय एक व्यसायीले नाम उल्लेख नगर्ने सर्तमा गमक पोष्टलाई जानकारी दिए। उनले लहानकै व्यसायीको लागि भारतबाट गहना ल्याएको बताए। ती व्यसायीले थपे, 'लहानमात्र हैन सिरहको सवैजसो बजारमा भारतबाट अवैधरुपमा चाँदीका गहनाहरु प्रहरीकै मिलेमत्तोमा आउने गर्छ। यो पटक सेटीङ्ग विग्रेर समातिएको हुन सक्छ।'

## नक्कली नोट...

मधुवनी गाउँ बस्ने जनार्दन सिंह, रौतहटको चन्द्रपुर नगरपालिका नराई टोल बस्ने विशाल राई, भारतको सीतामढीका राजिव ठाकुर र भारतकै मेजरगन्ज बस्ने सुबोध कुमार प्रकाउ परेका जिल्ला प्रहरी कार्यालय सर्लाहीले जानकारी दिएको छ। यसअघि पनि प्रहरीले सर्लाहीका विभिन्न ठाउँबाट नक्कली नोट बनाउनेहरूलाई पक्राउ गरेको थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# मोबाइलमा लिप्त बच्चामा हुनसक्छ 'डिजिटल अटिजम', कसरी थाहा पाउने ?

**गोपाल ढकाल**
मनोविद्

विश्व स्वास्थ्य संगठनको निर्देशिकामा एक वर्षमुनिका बालबालिकालाई मोबाइल, टेलिभिजन, ट्याब, कम्प्युटर जस्ता 'इलेक्ट्रोनिक्स डिभाइस' को अगाडि राख्न नहुने र दुईदेखि पाँच वर्षका बालबालिकाको 'स्क्रिन टाइम' एक घण्टामा सीमित गर्नुपर्ने भनिएको छ। किनकि यही उपकरणको कारणले बच्चामा लत बस्छ, जो उनीहरूको मानसिक र शारीरिक स्वास्थ्यका लागि जोखिमपूर्ण हुनसक्छ। तर यो भनाइ निर्देशिकामा मात्र सीमित छ। यी उपकरण आजभोलिका अभिभावकको बच्चालाई तह लगाउने माध्यम बनिरहेको छ। बच्चालाई खाना खुवाउन, सुताउन, कुनै जिद्दी गरेको पूरा नगर्दा चुप गराउन, आफ्नो काममा डिस्टर्ब हुन नदिन मोबाइल, टिभी र ल्यापटपमै अभ्यस्त गराइन्छ।

फलस्वरुप बच्चामा यी उपकरणको लत बस्छ। जसले नपत्याउँदो तरिकाले बच्चाको सिक्ने क्षमता, बोल्ने तरिका, उसको व्यवहारमा हुनुपर्ने जति विकास हुन पाइरहेको हुँदैन। त्यसकै उपजको रूपमा अहिले अधिकांश बच्चाहरू 'डिजिटल अटिजम' ठूलो स्वास्थ्य चुनौतीको रुपमा देखिँदै गएको छ।

**के हो डिजिटल अटिजम ?**

बालबालिकालाई स्क्रिनको लत लागेर दैनिक क्रियाकलापमा बाधा पुग्ने र सोही उमेरको अन्य बालबालिकासँग मित्रता गाँस्न, घुलमिल हुन, समयअनुसार परिस्थिति बुझ्न कठिन भइरहेको अवस्थालाई डिजिटल अटिजम नाम दिइएको छ। डिजिटल अटिजम पछिल्लो समय धेरै सुनिएको नाम हो। तर यो समस्यालाई अहिलेसम्म बाल मनोरोग भनेर आधिकारिक निकायले स्वीकृति दिइएको छैन। यद्यपि, डिजिटल अटिजम वर्तमान अवस्थामा चुनौती बनिरहेको कुरामा भने विज्ञहरु सहमत छन्। यसलाई अटिजमकै एक भाग मानिन्छ।

**अटिजम र डिजिटल अटिजमबीच भिन्नता**

डिजिटल अटिजम अटिजम भन्दा केही फरक छ। अटिजम भनेको स्नायुसम्बन्धी समस्या हो। यो समस्या गर्भमा रहँदादेखि नै सुरु हुनसक्छ। अटिजम भएका बालबालिकाको सिक्ने, बुझ्ने र सञ्चार गर्ने क्षमता अन्य बालबालिकाको तुलनामा कमजोर हुन्छ। जबकि, यसको विपरीत, भर्चुअल अटिजम आवश्यक भन्दा बढी आफ्नो अधिकांश समय स्क्रिनमा बिताएर यसको लत बसी त्यसको प्रभाव जीवनस्तरमा देखिन्छ। उनीहरूमा पनि सिक्ने, बुझ्ने र सञ्चार गर्ने क्षमता उमेर अनुसारको सही ढंगले विकास भइरहेको हुँदैन। उनीहरू अरु साथीसँग खेल्न जान मान्दैनन्। घरमा अपरिचित व्यक्ति आएको मनपराउँदैनन्। झर्किरहने, केही कुरामा मन नलगाउने, ध्यान मोबाइल वा टिभीमा मात्र केन्द्रित रहन्छ। यो समस्या भएका अधिकांश बच्चा खाना खानदेखि राति सुत्नसम्म मोबाइलको सहारा लिन्छन्। राति अबेरसम्म उनीहरूलाई बाबुआमाको काख भन्दा प्यारो मोबाइलमा २४ घण्टा देखाइरहने कन्टेन्ट प्रिय लाग्छ।

**कारण**

वास्तवमा भर्चुअल अटिजमबाट पीडित बालबालिकाले भर्चुअल संसारलाई आफ्नो वास्तविक जीवन जस्तै ठान्छन्। त्यहाँ बच्चाहरूले जे चाहे त्यो हेर्न पाउँछन्। यसरी उनीहरू वास्तविक संसारबाट टाढा रहन्छन् र आफ्नो वरपरका परिवारका सदस्यहरूसँग कम कुरा गर्छन्। यस्तोमा उनीहरूको आवश्यक सामाजिक सीप र भावनात्मक विकासमा बाधा पुऱ्याउँछ। उनीहरूलाई कस्तो बेलामा कस्तो प्रतिक्रिया गर्नुपछ ? के सही, के खराबसम्म पहिल्याउन कठिन हुन्छ। निरन्तर भर्चुअल वातावरणमा समय बिताउँदा बालबालिकाको इन्द्रिय सक्रिय हुँदैन र बिस्तारै काम गर्न छाड्छ। यस्ता बालबालिकाको देख्ने र सुन्ने क्षमतामा पनि असर पर्न थाल्छ। केही बच्चाहरू ८ देखि १० घण्टा स्क्रिनमा बिताउँछन् भने उनीहरूको अवस्था ५ देखि ६ घण्टा बिताउने बच्चाको भन्दा खराब हुनसक्छ। यो समस्या दुईदेखि पाँच वर्षसम्मका बालबालिकामा बढी देखिन्छ। यो क्रम चलिरहयो भने किशोरावस्थासम्म पनि यसको प्रभाव रहन्छ।

**भर्चुअल अटिजमका लक्षण–सिक्ने क्षमता प्रभावित हुनु**

- बच्चा हाइपरएक्टिभ (एकैछिनमा अति रिसाउनु, अति खुसी हुनु, अति रिसाउनु वा डराउने जस्तो प्रतिक्रिया) हुनु।
- कुनै पनि कुरामा ध्यान केन्द्रित गर्न कठिनाइ हुनु।
- एउटा गतिविधिमा एकोहोरिनु वा पटक पटक एउटै काम गरिरहनु।
- शारीरिक गतिविधिमा रुचिको कमी हुनु।
- साथी बनाउन नखोज्नु।
- भीडभाड भएको ठाउँमा नजानु।
- आफूलाई राम्रोसँग व्यक्त गर्न नसक्नु।
- बोल्ने क्षमतामा असर पर्नु।
- लामो समयसम्म कुनै कुरामा ध्यान दिन नसक्नु।
- बारम्बार मुड तलमाथि भइरहनु।

**यसको उपचार सम्भव छ ?**

हालसम्म यसको पहिचान गर्न कुनै विशेष परीक्षण विधि छैन। यसको पहिचानका लागि बच्चाको हेर्ने, सुन्ने, बोल्ने र समन्वय गर्ने क्षमता विशेषज्ञहरूद्वारा मूल्यांकन गरिन्छ। यदि बच्चाको बोल्ने क्षमता कमजोर छ भने उसलाई वाककला कक्षा दिइन्छ। अन्तरक्रियात्मक उपचार तथा स्पीचथेरापी जस्ता विधिले पनि बच्चालाई पढ्न र लेख्न मद्दत गर्न सक्छ। शैक्षिक कार्यक्रम र व्यवहार उपचारका साथै, यसले बालबालिकाहरूलाई बोल्ने, सामाजिक व्यवहार र सकारात्मक मनोवृत्ति सिक्न मद्दत गर्ने सीप उन्मुख प्रशिक्षण सत्र पनि प्रदान हुन्छ। बच्चालाई सकारात्मक वातावरणमा राख्न बाबुआमालाई पनि बच्चासँग खेल्न र गुणस्तरीय समय बिताउन प्रोत्साहन गरिन्छ। यदि आवश्यक भएमा मनोचिकित्सकको सहयोगमा औषधि पनि दिइन्छ।

**घरमा सहजता प्रदान गर्न अभिभावकले के गर्ने ?**

- भर्चुअल अटिजमको बारेमा पहिला अभिभावक आफैंलाई प्रशिक्षित गर्नुपर्छ। ताकि बच्चाको व्यवहारलाई बुझ्न सहज होस्।
- बच्चाले मोबाइल लिन जति जिद्दी गरे पनि नदिने, बरु फकाउने र उनीहरूसँग समय बिताउने।
- बच्चाका लागि दैनिकी बनाउने। जसमा एक घण्टा मात्र 'स्क्रिन टाइम' राख्ने।
- खानासँगै बसेर खाने र आफ्नो मोबाइल पनि डाइनिङ रुपमा नराख्ने।
- भर्चुअल अटिजमबाट पीडित बालबालिकालाई सामान्य बालबालिकासँग तुलना नगर्ने।
- बच्चाको सिकाउने शक्तिमा ध्यान दिने।
- यदि बच्चा ढिलो सिक्छ भने उसलाई छिटो सिक्न दबाब नदिने।
- बच्चालाई चित्रकला, खेलकुद, संगीत र नृत्य जस्ता अतिरिक्त क्रियाकलापमा उत्प्रेरित गरी त्यस्ता कक्षामा भर्ना गराउँदा पनि प्रतिभासँगै सामाजिक रुपमा अन्तरक्रिया गर्ने अभ्यास गराउने। यस्ता कक्षाले पनि उनीहरूलाई डिजिटल प्लेटफर्मबाट टाढा राख्न मद्दत गर्छ।

**आँखामा असर**

बालबालिकाले लगातार मोबाइल, ल्यापटप, टेलिभिजनको स्क्रिनमा हेर्दा त्यसबाट आउने हानिकारक किरणहरूले आँखा सुक्खा र रातो हुने समस्या पैदा हुन्छ। बच्चाको निरन्तर मोबाइल चलाउने बानीलाई नियन्त्रण गर्न सकिएन भने कालान्तरमा आँखासम्बन्धी अन्य समस्या निम्तिन सक्छन्।

ओलीलाई बालेनको प्रश्न :

# नाबालिकामाथि घरेलु हिंसा गरेकी प्रदेश सांसदलाई कहिले समाउने?

काठमाडौं, १७ भदौ। काठमाडौं महानगरका मेयर बालेन शाहले एमाले प्रदेश सांसद रेखा शर्माले नाबालिकामाथि घरेलु हिंसा गरेको भन्दै सरकारले कारवाही नगरेको बताएका छन्। सामाजिक सञ्जालमा लेख्दै बालेनले एमालेकी प्रदेश सांसद रेखा शर्माले विगत ८ बर्षदेखि कैदी बनाएर एक नाबालिकालाई घरेलु कामदार बनाएर राखेको भन्दै सरकारले पक्राउ नगरेको उल्लेख गरेका छन्। बालेनले प्रधानमन्त्री केपी शर्मा ओलीलाई रेखा शर्मालाई कहिले समाउने? भन्दै प्रश्न गरेका छन्। बालेनले भनेका छन्, 'वहाँ हुनुहुन्छ



नेकपा एमालेकी प्रदेश सांसद रेखा शर्मा, वहाँ ले बिगत ८ वर्ष देखी बन्दी बनाएर एक जना नाबालिकालाई घरेलु कामदारको नाममा हिंसा गर्दै आउनु भएको छ, दैनिक रूप मा कुटपिट गर्दै आउनु भएको छ। काठमाडौं महानगरले बिगत २ महिना देखी कारबाही अगाडी बढाउनु भन्दा पनि यो सरकारले समाएको छैन। अदालतले पनि मुद्दा चलाउ भनेर भनी सकेको छ।'

उनले अगाडी लेखेको छ, 'सम्माननिय प्रधानमन्त्री खड्ग प्रसाद ओली ज्यु, सुशासन भनेको अदालतले नि समाउ भनेको तपाईंको सांसद रेखा शर्मा जसलाई बाल शोषण गरेको मुद्दा छ समाउन लाई भन्दछ। सायद तपाईंको लागि सुशासनको अर्थ सो बालिकाको मृत्यु पछि गोहिको आँसु चुहाएर फेसबुकमा समवेदना दिदै एक लाख घोषणा गर्नु नै होला। कहिले समाउने? कि नसमाउने?'

# नागरिकताको प्रतिलिपि लिन एक वर्षदेखि सीडीओ कार्यालयको चक्कर

**शैलेन्द्र महतो**



जनकपुरधाम, १७ भदौ। गत बुधबार पनि पति रामदेव मण्डलसँगै जिल्ला प्रशासन कार्यालय धनुषामा आएकी थिइन् बटेश्वर गाउँपालिका–१ कि ५१ वर्षकी आशादेवी। केरमेट भएर नबुझिने नागरिकताको प्रतिलिपि लिन पछिल्लो एक वर्षदेखि नियमितजसो प्रशासन कार्यालय धाइरहेकी उनी त्यस दिन झन् निराश देखिइन्। 'तपाईंले पेश गरेको कागजात धेरै खोजियो। तर कार्यालयमा कतै भेटिएन। अब फेरि वडाको सिफारिस र अनुसूची फारम भरेर ल्याउनुपर्छ। अनि मात्रै बन्छ', नयाँ पुराना नागरिकता फाँटका अधिकृत अनिल यादवले मण्डल दम्पतीलाई भने। अधिकृत यादवको यो भनाइले पुष्टि गऱ्यो कि नागरिकताको प्रतिलिपि लिन प्रशासन धाएको उनीहरुको एक वर्षको समय त्यसै खेर गयो।

'कत हरागेल हमर फाइल सर, आब कतेक दिन आब परतै, कहिया भेटतै हमर नागारिकता ?' आशाले भनिन्। उनलाई नेपाली भाषामा राम्ररी बोल्न आउँदैन। हुन त नागरिकता फाँटका कर्मचारीले आशाले प्रतिलिपि नागरिकता लिन पेश गरेको निवेदन पहिले नै हराएको भनिसकेका थिए। तर प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले दुई महिनाअघि उनको फाइल खोज्न कर्मचारीलाई निर्देशन दिएका थिए। फाइल खोज्ने जिम्मा पाएका अधिकृत यादवले भदौ पहिलो साता आए खोजेर बनाइदिन सकिने आश्वासन दिएका थिए। मण्डल दम्पतीलाई पढ्न लेख्न आउँदैन। जनमजदुरी गरेर जेनतेन जीविका चलाउने मण्डल दम्पतीलाई नागरिकताको प्रतिलिपि लिन जस्तो गाह्रो काम केही लागेको छैन। २० वर्षका छोरा राहुलको नागरिकता बनाउनका लागि आशाको नागरिकता बनाउनुपर्ने बाध्यता परेकाले मात्र उनीहरु प्रशासन कार्यालय धाइरहेका हुन्।

छोरा राहुलको नागरिकता बनाउन वडाबाट सिफारिस, अनुसूचीसहितको कागजात रामदेवले २०८० को साउन तेस्रो साता जिल्ला प्रशासन कार्यालय पुगेका थिए। तर राहुलको आमा आशाको सक्कली नागरिकतामा केरमेट भएको देखियो। कर्मचारीले पहिले आमा आशादेवीको प्रतिलिपि लिएर मात्र छोराको नागरिकता प्रक्रिया अघि बढाउने भन्दै फर्काए। छोरा राहुलको नागरिकता बनाउने काम थाती राखेर रामदेव श्रीमती आशाको नागरिकताको प्रतिलिपि लिने प्रक्रियामा लागे। वडा कार्यालयबाट सिफारिस गराएर अनुसूची फारम भरेर गत वर्ष भदौमा जिल्ला प्रशासन कार्यालयमा पेश गरे। असोजमा प्रशासन कार्यालयले आशाको औंठाछाप र तस्वीर लियो। भोलि आएर नागरिकता लिएर जानू भन्दै कर्मचारीले फर्काए।

भोलिपल्ट रामदेव श्रीमती आशालाई लिएर पुगे। तर कर्मचारीले फाइल नभेटेको भन्दै भोलि आउनू भनेर फर्काए। त्यसपछि जहिले गए पनि कर्मचारीले फाइल भेटिएन मात्र भनिरहे। 'हामी गरिब सोझो मान्छे। जनमजदुरी सरसापट गरेर श्रीमतीलाई लिएर आइरहेको छु। जहिले आउँदा पनि कर्मचारीले खोजेर राख्छु अर्को दिन आउनु भनेर फर्काउँथे। अहिलेसम्म यसरी नै दौडधुप गरिरहेको छु', रामदेव पीर पोख्छन्, 'अब कर्मचारी भन्छन् फाइल भेट्दैन। फेरि वडा सिफारिस गरेर कागज ल्याउनुस्। सिफारिस गराउन, आउन जान पैसा लाग्छ। म गरिब मान्छे पीडित भइसकेको छु।' प्रशासन कार्यालयमा आशा देवीको फाइल भेटिएन। तर वडा कार्यालयको नागरिकता अभिलेख फाइलमा उनको नागरिकता बनिसकेको देखिन्छ। जसमा फोटो उप्काइएको छ भने रातो कलमले काटेको छ।

प्रमुख जिल्ला अधिकारी कडरियाले अब पुनः प्रतिलिपि लिनुपर्ने प्रक्रिया अघि बढाउनुपर्ने बताए। कागजातलाई जतनसाथ नराख्दा उनीहरुको नागरिकता नबुझिने अवस्थामा पुगिसकेको छ। त्यसैले रामदेवले दुई साताअघि आफ्नो पनि नागरिकताको प्रतिलिपि लिन निवेदन दिएका छन्। तर जिल्ला प्रशासन कार्यालयमा अभिलेख र सम्पूर्ण कागजात हुँदाहुँदै कर्मचारीले प्रतिलिपि लिन पनि प्रहरीको सर्जिमिन मुचुल्का ल्याउन लेखिदियो। उनी मुचुल्का बनाउन प्रहरी कार्यालय धाउँदै छन्। र श्रीमतीको पुनः नागरिकता प्रतिलिपीको कागजात तयार गर्न वडा कार्यालय। एक अधिकृतका अनुसार प्रतिलिपि लिन प्रहरी सर्जिमिन मुचुल्का आवश्यक पर्दैन। तर सबै कागजात हुँदाहुँदै पनि कर्मचारीले काम टार्न प्रहरी सर्जिमिन मुचुल्का लेखिदिने गर्छन्। यसले सेवाग्राहीहरुलाई अनावश्यक सास्ती मात्र थपिन्छ।

## पुरुको शव भेटियो

सिरहा, १७ भदौ। सिरहाको दक्षिणी सीमाना बरियारपट्टीमा एक अपरिचित पुरुको शव फेला परेको छ। बरियारपट्टी गाउँ पालिका ३ नेपाल भारतको सीमा दशगज्जा नजीकै धानखेतको आलिमा बेवारिसे अवस्थामा अन्दाजी ४० वर्षिय पुरुषको शव फेला परेको हो। शव रहेको जानकारी पाउनसाथ पुगेका प्रहरीले आवश्यक प्रकृयापुरा गरी पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल सिरहा पठाएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी मुक्तिनाथ साँपकोटाले जानकारी दिए।

## मनाङेको राजीनामा स्वीकृत

पोखरा, १७ भदौ। गण्डकीका वनमन्त्री राजीव गुरुङ उर्फ दिपक मनाङेको राजीनामा स्वीकृत भएको छ। उनले भौतिक पूर्वाधार विकास मन्त्रालयबाट वन तथा वातावरण मन्त्रालयको जिम्मा दिएपछि असन्तुष्ट बन्दै राजीनामा दिएका हुन्। मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मनाङेको राजीनामा स्वीकृत गरेका प्रेस संयोजक नरहरी सापकोटाले जानकारी दिए। अब उनको ठाउँमा अर्का सांसद मन्त्री बन्नेछन्।

## डेङ्गीबाट एकको मृत्यु

चितवन, १७ भदौ। चितवनमा डेङ्गी सङ्क्रमणका कारण एक जनाको ज्यान गएको छ। भरतपुर महानगरपालिका-२ का ६३ वर्षीय पुरुषको चितवन मेडिकल कलेजमा उपचारका क्रममा अस्ति शनिवार राति ज्यान गएको हो। जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत विमल पछेलका अनुसार ती बिरामी ज्वरो आएर शुक्रवार मेडिकल कलेजमा भर्ना भएका थिए। चितवनका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये सात सय २७ जनामा डेङ्गीको सङ्क्रमण देखिएको छ। तीन हजार ४४ जनाको परीक्षणका क्रममा सात सय जनाभन्दा धेरैमा डेङ्गीको सङ्क्रमण पुष्टि भएको हो। देशभर अहिलेसम्म ६ हजारभन्दा धेरैमा डेङ्गीको सङ्क्रमण पुष्टि भइसकेको छ।

# लहानका रामवृक्ष साह भाइरलबाबा बनेपछि...

**जीवछ उदासी**

लहान, १७ भदौ। लहान नगरपालिका-२२ जहदी स्थायी घर भएका रामवृक्ष साह डेढ वर्षदेखि भाइरलबाबाको रुपमा चिनिन थालेपछि लहान-१ मा को घरमा टाढा टाढाबाटबाट विरामीहरु आउन थालेका छन्। सात वर्ष सिरहा नगरपालिकाको सारश्वर तीन वर्ष चोहर्वा एक वर्ष सखुवानन्कारकट्टी गाउँपालिकामा जडीबुटीको औषधी बनाएर बाबाशीर (पाइल्स), ग्याष्ट्रिक, निसन्तानहरुलाई सन्तान हुनेहरुलाई उपचार गर्ने रामवृक्ष साहको उपचार गर्ने भिडियो एकजनाले सामाजिक सञ्जालमा राखिएपछि त्यो भिडियो भाइरल भयो। भिडिया भाइरल भएपछि रामवृक्ष साहको नाम भाइरलबाबा रहन गयो।



स्थानीय लहानभन्दा पश्चिममा बारा पर्सा पूर्वमा झापासम्मको विरामीहरु, भारत विहारका मधुवनी, अररिया, दरभङ्गा सम्मका घरायसी र परिग्रिक समस्या भएकाहरुको भीड भाइरल बाबाको निज निवास लहान-१ कृष्णटोलमा बढ्न थाल्यो। अहिले दिनको दुई सयको हाराहारीमा विहानदेखि वेलुकासम्म भाइरलबाबा व्यवस्त रहनुहुन्छ। 'अहिले मेरो पहिचान बदलिएको छ। रामवृक्ष साह भनेर स्थानीयहरुले चिनेपनि बाहिर भाइरल बाबा नै डेढवर्षदेखि चिन्न थालेको छ। लहान-२२ नम्बरको नेपाली काँग्रेसको बुथ सभापतिको जिम्मेबारीभन्दा भाइरलबाबाको नामले पहिचान बनेपछि राजनीति रुचिपनि हराउन थालेको छ' भाइरल बाबा रामवृक्ष साहले बताए।

सिरहा सखुवानन्काकटि-५ महेश्वारीकी ५० वर्षीय रामवती यादव भने, 'भाइरल बाबाको जय गोविन्दबाबा कन्हैयाजीलाई घरबाटै भाकल गेएपछि आफ्नो ढाड दुख्ने रोग निको भएको र छोरालाई कतारमा अति कठन काम दिइएको थियो। भाकल गरेपछि काम सजिलो भएको छ। मनोकामना पुरा भएपछि प्रसाद चढाउन आएकी छु।' भारत विहार मधुवनी महदेवाकी ४५ वर्षिय सुनिता माली टाउको दुख्ने समस्याले हैरान थिए। १५ दिन पहिले आएर भाकल गरेर गए। निको भएपछि प्रसाद चढाउन आएकी भने।

सुनसरी जिल्लाका तेतरी माली सन्तानको लागि भइल बाबाको मन्दिरमा भाकल गर्न आएकी सुनाए। कर्मचारी राजनीतिक दलका नेतादेखि ठूलो ओहदादेखि सर्वसधारण सम्मको भीड विहानदेखि वेलुकासम्म भाइरल बाबाको घरमा देखिएको छ। भाइरल बाबाललाई तपाई तन्त्रमन्त्रको आधारमा निको गर्नुहुन्छ भने जिज्ञासा राख्दा उनले भने, 'न तन्त्र न मन्त्र जय गोविन्द कन्हैया भगवान ममाथि सहाय छ, मैले हातले छोइसदएपछि निको हुन थालेको छ। रोग परिवारिक कलह निको भएपछि निको भएकाहशरुले समेत आफू निको भएको भएकाहरुले भिडियो बनाएर समाजिक सञ्जालमा यु ट्युब राखिदिने गर्दछ। यहि प्रचार प्रसारले विरामीहरु आउने चाप बढेको बढै छ।'

लहान स्थित प्रादेशिक अस्पताल लहानमा पनि दिनको दुई सय विरामी आउने नगरेको अवस्थामा भाइरलबाबाको घरमा रहेको मन्दिरमा दिनहुँ दुई सय विरामीहरु भाकल गर्न र आयुर्वेर्दिक औधधि लिन आइरहेको छ। लहान-७ का वडाध्यक्ष श्याम साह भने, सुरुमा मलाई पनि विश्वास थिएन। म आफैं यहाँ आएर भाकल गरेपछि मनोकामना पुरा भयो। असाध्यै अगाध र आस्था बढेको छ। भाइरलबाबाको चमत्कार देखेर यहाँ आएका विरामी र परिवारिक कलहबाट पीडित भएकाहरुले निको भएको कुरा सुनाएको भिडियो हेरेर न पहिलोपटक आएका थिए। व्यहारमा सहि सत्य सबित भएको छ।

# सप्तरीको खडक पुलमा डरलाग्दा खाल्डाखुल्डी

सप्तरी, १७ भदौ। हुलाकी सडकअन्तर्गत सप्तरीको बोदेबरसाइन नगरपालिका-५ जाँजर क्षेत्रमा रहेको खडक पुलमा खाल्डाखुल्डी हुँदा सडक दुर्घटनाको जोखिम बढेको छ। पुलको ढलान उप्किएर ठूल्ठूला खाल्डा बनेका छन्। हुलाकी सडकको पक्की सडकबाटेमा तीव्र गतिमा आउने गाडीहरू अचानक पुलको खाल्डामा परी दुर्घटना हुने गरेको स्थानीय ब्रजेशकुमार यादवले बताए। पुलमा खाल्डा परेपछि सवारीसाधन जोगाएर चलाउनै मुस्किल भएको टेम्पु चालक रामध्यानी यादवले बताए। तीव्र गतिमा गुडाइने मोटरसाइकललगायत अन्य सवारी खाल्डोमा परेर दुर्घटना हुने गरेको यादवको गुनासो छ। पूर्व-पश्चिम राजमार्ग निर्माणाधीन रहेकाले चालकले हुलाकी सडक रोज्ने गर्छन् तर खाल्डाखुल्डीका कारण मोटरसाइकल, टेम्पु, जिप, कारलगायत साना सवारी दुर्घटनामा पर्ने क्रम बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

कार्यालय प्रमुख प्रहरी निरीक्षक मदनी साहकानुसार तीव्र गतिमा गुडाइने मोटरसाइकललगायत अन्य सवारी खाल्डोमा परेर दुर्घटना हुने भएकाले सतर्कता अपनाउन आग्रग गर्ने गरिएको बताए। खडक पुलमा दुर्घटना रोक्न अस्थायी ट्राफिक प्रहरी पोष्ट बोदेबरसाइनलाई परिचालन गरी ट्राफिक सचेतना कार्यक्रम गर्दै आइएको उनले जानकारी दिए। खाल्डा पुर्ने नियामक निकाय हुलाकी सडक योजना कार्यालय इटहरीले चासो नदिँदा विगत एक वर्षदेखि जोखिम मोलेर यात्रा गर्नुपरेको स्थानीय रामप्रसाद चौधरीको गुनासो छ। पटकपटक सरोकार भएकाहरूको ध्यानाकर्षण गरिए पनि समस्या समाधान नभएको उनको भनाइ छ। हुलाकी सडक योजना कार्यालय इटहरीका इन्जिनियर समपतलाल दासले पुल मर्मतका लागि छुट्टै बजेट नभएकाले समस्या समाधान गर्न नसकिएको बताए। उनले स्रोत व्यवस्थापनका लागि पहल भइरहेकाले चाँडै पुल मर्मत गरिने प्रतिवद्धता व्यक्त गरे।

खडक पुल ११ करोड ७३ लाख ९३ हजार (भ्याटसहित) रुपैयाँमा इलाइट/सूर्या जेभीले ०७९ असोज २७ गते पुल निर्माण सम्पन्न गरेको थियो। छोटो समयमै पुलमा खाल्डा परेपछि गुणस्तरीय काम नगरिएको भन्दै विरोध गरिरहेका छन्। स्थानीय विद्यानारायण यादवले हुलाकी गुणस्तरीय कार्य गराउन नसक्दा पुलमा खाल्डाखुल्डी पर्न थालेको आरोप लगाउनुहुँदै तत्काल मर्मत गर्न सरोकार भएका निकायलाई आग्रह गरे। 'यति चाँडै समस्या कसरी आयो भनेर आवश्यक छानबिन गरी हुलाकी सडक आयोजनाले तत्काल मर्मतका काम अगाडि बढाउनुपर्छ', उनले भने।


## आवश्यकता

यस उदय अटोमोबाईल्स TVS शो रुम गोलबजारका लागि निम्न कर्मचारी तत्काल आवश्यक रहेको हुँदा ईच्छुक व्यक्तिहरुले तत्काल सिधा सम्पर्क गर्न सक्नु हुनेछ।

1. **Accountant : १ जना**
   योग्यता : Min. Bachelor in management
   Tally / Computer सम्बन्धी अनुभवी
2. **Supervisor : १ जना**
   योग्यता : Min. Bachelor in management
   Automobiles Sector मा कम्बोमा ३ वर्षके अनुभवी।
3. **Parts का लागि : १ जना**
   योग्यता: 10+2 Pass
   Spare parts सम्बन्धी कम्तीमा २ वर्षको अनुभवी
4. **Full मेकोनिक : ४ जना**
   अटेरिक्सा र Bike को काम सम्बन्धमा कम्तीमा ५ वर्षको अनुभव भएको।
5. **मेकेनिक/हेल्पर : ४ जना**
   अटेरिक्सा र Bike को काम सम्बन्धमा कम्तीमा २ वर्षको अनुभव भएको।

**तलब सुविधा : आपसी समझदारी अनुसार।**

सम्पर्क नं. **उदय अटोमोबाईल्स, गोलबजार**
मो.नं. 9819690187 | 9842410058


# करोडौंमा बिक्यो अल्लू अर्जुनको 'पुष्पा २'



काठमाडौं, १७ भदौ। दक्षिण भारतीय अभिनेता अल्लू अर्जुन अभिनीत फिल्म 'पुष्पाः द राइज' मा जुन मोडमा कहानी छोडिएको थियो, त्यसले दर्शकमाझ कौतूहलता बढाएको छ। फिल्म 'पुष्पाः द राइज' को सफलता भएदेखि नै यसको सिक्वेलको चर्चा भइरहेको छ। यो फिल्मको मागलाई मध्यनजर गर्दै निर्माताले महँगो मूल्यमा डिजिटल राइट्स बेचेका छन्। भारतीय सञ्चारमाध्यम हिन्दुस्तान टाइम्सका अनुसार नेटफ्लिक्सले २७० करोड भारूमा 'पुष्पा २' को डिजिटल राइट्स किनेको हो।

योसँगै 'पुष्पा २' डिजिटल राइट्सको मामलामा सबैभन्दा महँगो भारतीय फिल्मको सूचीमा सामेल भएको छ। 'पुष्पा २' ओटिटीमा करोडौंमा बिक्ने भारतीय फिल्मको चौथो नम्बरमा छ। पहिलो नम्बरमा 'आरआरआर' छ। जसलाई नेटफ्लिक्स, जी५ र हटस्टारले ३८५ करोड भारूमा किनेका थिए। दोस्रो नम्बरमा 'कल्की २८९८ एडी' छ। जसलाई नेटफ्लिक्स र प्राइम भिडिओले ३७५ करोड भारूमा किनेका थिए। तेस्रो नम्बरमा 'केजीएफ च्याप्टर २' छ। जसलाई प्राइम भिडिओले ३२० करोड भारूमा किनेका थिए। यो फिल्मको बजेट ५०० करोड भारू बताइएको छ। फिल्ममा अल्लू अर्जुन र रश्मिका मन्दनासँगै फहद फासिलको पनि मुख्य भूमिका छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)